# आधारभूत तहमा दलित छात्रवृत्ति वितरणको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना र व्यवस्थापन
विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको आंशिक
आवश्यकता पूरा गर्नका लागि तयार पारिएको

**शोधपत्र**

शोधकर्ता
राम प्रसाद अधिकारी
त्रि.वि. दर्ता नं. ३३४७-८६
परीक्षा रोल नं. २०४००७७/२०६९
क्याम्पस रोल नं. ६८

कनकाई बहुमुखी क्याम्पस
कनकाई न. पा.-६, सुरुङ्गा झापा
२०७३ (२०१७)

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी राम प्रसाद अधिकारीले मेरो प्रत्यक्ष निर्देशनमा **आधारभूत तहमा दलित छात्रवृत्ति वितरणको अवस्था** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : २३ डिसेम्बर २०१६

(मोहन प्रसाद ओली)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्थापना : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी राम प्रसाद अधिकारीले **आधारभूत तहमा दलित छात्रवृत्ति वितरणको अवस्था** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. उप-प्रा. आशा शर्मा सिवाकोटी ..........................................
विभागीय प्रमुख

२. मोहन प्रसाद ओली ..........................................
शोध निर्देशक

३. उप-प्रा. गणेश प्रसाद खनाल
वाह्य परीक्षक ..........................................

मिति : ११ जनवरी २०१७

# कृतज्ञताज्ञापन

अध्ययन अनुसन्धान प्रतिवेदन तयारीका लागि आवश्यक पथप्रदर्शन गरी प्रस्तावना स्वीकृत गरिदिने तथा शोध निर्देशन गरिदिने सहायक प्राध्यापक श्री  मोहन प्रसाद ओलीप्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । त्यसै गरि आवश्यक सल्लाह तथा सुझाव दिई अध्ययनलाई पूर्ण बनाउन सहयोग गर्ने शिक्षाशास्त्र सङ्कायका विभागीय प्रमुख सहायक प्राध्यापक आशा शिवाकोटी ज्यू, क्याम्पस प्रमुख टंकवहादुर कार्की ज्यू लगायत क्याम्पस परिवार प्रति म आभारी छु ।

यस शोध अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलनमा सहयोग पुऱ्याउने ५ वटै विद्यालयका प्र.अ हरु जसले आवश्यक तथ्याङ्क उपलब्ध गराई सहयोग पुऱ्याउनु भएकोमा धन्यवाद नदिइरहन सक्दिन । अध्ययनको क्रममा सहयोग गर्नुहुने वि.व्य.स. अध्यक्षहरु, शिक्षकहरु, अभिभावकहरु र विद्यार्थीहरुले यो शोधलाई निष्कर्षमा पुऱ्याउन प्रश्नावली र छलफल मार्फत आवश्यक तथ्यगत तथ्याङ्क तथा धारणाहरु राखी सहयोग गरिदिनु भएकोमा धन्यवाद दिन चाहान्छु । साथै यो शोधलाई कम्प्युटर टाइप गरेर सहयोग गरिदिनु हुने श्री एन. पी. रिजाल प्रति र भाषा शुद्धिकरणमा सहयोग पुऱ्याउने द्धयमित्रहरु श्री उमानाथ भण्डारी र श्री धनकुमारी खरेल (लता) प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत अध्ययन कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुलाई हृदय देखिनै हार्दिक धन्यवाद दिन चाहान्छु ।

राम प्रसाद अधिकारी

# शोधसार

*प्रस्तुत शोधपत्रको शीर्षक '**आधारभूत तहमा दलित छात्रवृत्ति वितरणको अवस्था'** रहेको छ । यस अध्ययनको मुख्य उद्देश्यमा दलित छात्रवृत्तिका वितरणले विद्यार्थीको उपलब्धिमा पारेको प्रभावलाई अध्ययन गर्ने प्रयास गरिएको छ ।*

*यो अध्ययनका लागि झापा जिल्ला १७ वटा स्रोतकेन्द्र मध्ये अनारमनी स्रोतकेन्द्र भित्रका २२ वटा सामुदायिक विद्यालयहरुका विद्यार्थी, शिक्षक, अभिभावक, प्रधानाध्यापक, वि. व्य. स. अध्यक्ष र यस क्षेत्रका स्रोत व्यक्ति, विद्यालय निरीक्षकलाई कुल जनसङ्ख्याको आधार मानी गोलाप्रथा र उद्देश्यमुलक ढङ्गले ५ वटा विद्यालयबाट १५ जना दलिचत छात्रछात्राहरु, ५ जना शिक्षक, ५ जना अभिभावक, ५ जना प्रधानाध्यापक र १ जना स्रोत व्यक्तिलाई नमुना जनसंख्याको रुपमा छानिएको छ । छनौट गरिएका उत्तरदाताहरुबाट तथ्याङ्क सङ्कलनका साधानहरुको रुपमा लिई विद्यालय सर्वेक्षण फारम, अन्तर्वाता, अभिलेख अध्ययनलाई प्रयोग गरिएको छ । अध्ययनका क्रममा प्राथमिक र द्धितीय दुवै स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत विद्यालय सर्वेक्षण फारम, प्रत्यक्ष अवलोकन रहेका छन् भने द्धितीय स्रोत अन्तर्गत विद्यलयको शैक्षिक तथ्याङ्याक, अभिलेख अध्ययन, निर्णय पुस्तिका, विभिन्न शैक्षिक बुलेटिन, शिक्षा ऐन, नियमावली, जर्नल, पत्रपत्रिका, छात्रवृत्ति निर्देशिका आदिको माध्यमबाट तथ्याङ्क संङकलन गरिएको छ । उक्त तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित विद्यार्थीहरु, अभिभावक, शिक्षक, प्र. अ., वि. व्य. स. अध्यक्ष, विद्यालय स्रोत व्यक्तिले दिएको विवरण तथा विद्यालयमा प्राप्त अभिलेखको अध्ययन गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिका, रेखाभित्र, प्रतिशत र व्याख्याको माध्यमबाट विश्लेषण गरिएको छ ।*

*अध्ययन गर्ने क्रममा छात्रवृत्तिको रकम कम भएको, समयमा निकासा नभएको, शैक्षिक सत्रकमो सुरुमा वितरण नगरिएको, विना निर्णय वितरण गरिएको, शीर्षक परिवर्तन गरी वितरण गरिएको, विद्यार्थीको शिकाइ उपलब्धीमा खासै परिवर्तन नभएको, विद्यार्थी नियमिततामा करिव ७४ प्रतिशत मात्र उपस्थिती देखिएको, कक्षा छाड्ने दर १०/११ प्रतिशत रहेको पाइयो ।*

*आधारभूत तहमा वितरण गरिदै आएको दलित छात्रवृत्तिको कार्यक्रमले शैक्षिक समस्या सम्बोधन गर्न नसकेकोले यसलाई संबोधन हुने गरी नीति निर्माण गरिनु आवश्यक छ । यसका लागि शैक्षिक आवश्यकता पूरा गर्नका लागि शिक्षा विभागले विद्यालयबाट उपलब्ध तथ्याङ्कका आधारमा दलित छात्रवृत्तिका लागि आवश्यक स्रोतको व्यवस्थापन गरी दलित छात्रवृत्ति वृद्धि गर्ने व्यवस्था मिलाउनुका साथै वितरण शैक्षिक सत्रको सुरुमै गर्ने व्यवस्था मिलाउनका लागि शिक्षा विभागले जिल्ला शिक्षा कार्यालय मार्फत तोकिएको समय अवधिमा रकम निकासाको व्यवस्था मिलाउनु पर्दछ । विद्यालयले वि. व्य. स. को निर्णय गराई वि. व्य.स., शिक्षक अभिभावक संघ, शिक्षक, स्रोत व्यक्ति, अभिभावकहरुको उपस्थितीमा शीर्षक अनुसार छात्रवृत्ति वितरण गरिनु पर्दछ ।*

# विषयसूचि


| शीर्षक | पृष्ट |
|---|---|
| परिच्छेद एक | |
| परिचय | १-७ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनका उद्देश्यहरु | ६ |
| १.५ अनुसन्धान प्रश्नहरु | ६ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ मुख्य शब्दावलीको परिभाषा | ७ |
| परिच्छेद दुई | |
| सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका | ८-१२ |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ८ |
| २.२ सैद्धान्तिक खाका | १० |
| २.३ पुनरावलोकनको उपदेयता | ११ |
| परिच्छेद तीन | |
| अध्ययन विधि र प्रक्रिया | १३-१५ |
| ३.१ अनुसन्धान ढाँचा | १३ |
| ३.२ जनसङ्ख्या र नमुना छनौट | १३ |
| ३.३ तथ्याङ्क सङ्कलनका स्रोत | १३ |
| ३.३.१ प्राथमिक स्रोत | १३ |
| ३.३.२ द्वितीय स्रोत | १४ |
| ३.४ तथ्याङ्क संकलनका साधनहरु | १४ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | १४ |
| ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया | १५ |
| परिच्छेद चार | |
| नतिजाको व्याख्या | १६-३९ |
| ४.१ दलित छात्रवृत्ति वितरणको वर्तमान अवस्था | १६ |
| ४.१.१ विद्यालयमा दलित छात्रवृत्ति वितरणको प्रकार | २० |
| ४.१.२ दलित छात्रवृत्ति वितरणमा अभिभावकको दृष्टिकोण | २१ |
| ४.१.३ छात्रवृत्ति वितरणमा प्र. अ., शिक्षक, वि. व्य. स. अध्यक्ष, र स्रोत व्यक्तिको दृष्टिकोण | २२ |
| ४.२ आधारभूत तहमा छात्रवृत्ति वितरणले विद्यार्थीको गुणस्थरमा पारेको प्रभाव | २३ |

४.२.१ आधारभूत तहमा छात्रवृत्तिले विद्यार्थीको नियमिततामा पारेको प्रभाव २४
४.२.२ आधारभूत तहमा कक्षा छाड्ने विद्यार्थी २६
४.२.३ छात्रवृत्ति वितरणले दलित विद्यार्थीको सिकाई उपलब्धीमा पारेको प्रभाव २७
४.३ आधारभूत तहमा दलित छात्रवृत्ति वितरणका समस्याहरु २८
४.३.१ दलित छात्रवृत्ति वितरणमा विद्यालयका प्र. अ. ले औल्याएका समस्याहरु २८
४.३.२ दलित छात्रवृत्ति वितरणमा विद्यालयका शिक्षकले औल्याएका समस्याहरु ३०
४.३.३ दलित छात्रवृत्ति वितरणका वि. व्य. स. का अध्यक्षले औल्याएका समस्याहरु ३०
४.३.४ दलित छात्रवृत्ति वितरणमा अभिभावकले औल्याएका समस्याहरुः ३२
४.३.५ दलित छात्रवृत्ति वितरणमा स्रोत व्यक्तिले औल्याएका समस्याहरु ३३
४.४ दलित छात्रवृत्ति वितरणमा देखिएका समस्याको समाधानका उपायहरु ३४
४.४.१ दलित छात्रवृत्ति वितरणमा विद्यालय प्र. अ. का सुझावहरु ३४
४.४.२ दलित छात्रवृत्ति वितरणमा विद्यालयका शिक्षकका सुझावहरु ३५
४.४.३ दलित छात्रवृत्ति वितरणमा विद्यालयका वि. व्य. स. अध्यक्षका सुझावहरु ३५
४.४.४ दलित छात्रवृत्ति वितरणमा अभिभावकका सुझावहरु ३६
४.४.५ दलित छात्रवृत्ति वितरणमा स्रोत व्यक्तिका सुझावहरु ३९

परिच्छेद पाँच
निष्कर्ष र सुझावहरु ४०-४५
५.१ निष्कर्ष ४०
५.२ सुझावहरु ४२
५.२.१ नीतिगत तह ४३
५.२.२ कार्यान्वयन तह ४४
५.२.३ अनुसन्धान तह ४५
सन्दर्भग्रन्थ सूचि
अनुसूचि

## तालिका सूचि

तालिका १ : आधारभूत तहमा दलित छात्रवृत्तिको अवस्था २०७२ १८

तालिका २ : आधारभूत तहमा दलित छात्रवृत्ति वितरण को अवस्था २०७३ १९

तालिका ३ : विद्यालयमा दलित छात्रवृत्तिको वितरणको अवस्था २०

तालिका ४ : अध्ययनमा परेका विद्यालयहरुको औसत उपस्थिति  गणना २०७२ २४